'नेपालको पाठ्यक्रममा विपद् सम्बन्धी विषयवस्तुको विद्यमान स्थिति' विषयमा एक दिवसीय कार्यशाला/गोष्ठी कार्यक्रम प्रतिवेदन

२०७६।११।०२

१. भूमिका

भौगोलिक विविधता तथा प्राकृतिक सुन्दरताको देश नेपाल प्रकृतिक विपद्का दृष्टकोणले अत्यन्त विषमताको देश मानिन्छ । समथर तराई, अग्ला पहाड तथा हिमालयहरुका कारण देश जति सुन्दर देखिन्छ त्यति नै प्रकृतिक विपद्को त्रासमा पनि रहिआएको छ । समग्र विपद् जोखिमका दृष्टिकोणले विश्वमा नेपाल २०औं स्थानमा पर्छ भने जलवायु परिवर्तनको जोखिमका दृष्टिले चौथो स्थानमा, भूकम्पीय जोखिममा ११औं र जल उत्पन्न जोखिममा ३०औं स्थानमा पर्छ । भौगोलिक हिसाबले अत्यन्त कान्छो भू-भाग नेपाल जलवायुका दृष्टिकोणबाट पनि अत्याधिक संवेदनशील क्षेत्रमा पनि पर्दछ । असिना, अति-वृष्टि तथा अना-वृष्टि, चटयाङ्ग, शितलहर, हिमपहिरो, आगलागी आदि पनि नेपालका विपद्का कारकहरुका रुपमा रहेका छन् ।

प्राकृतिक विपद्, मानव सृजित विपद् सँगै सडक दुर्घटनाका कारण प्रतिवर्ष नेपालमा हजारौंको ज्यान जाने गरेको सर्वविदितै छ। विपद्का घटनाहरु किन घट्छन्, यसका कारण र प्रभावहरु के-के छन्, क्षति न्यूनीकरणका उपायहरु के-के हुन सक्छन्, भन्ने जानकारी सबैलाई विद्यालय तह देखि नै दिनु आवश्यक छ ।यसै परिप्रेक्षमा विपद जोखिम न्यूनीकरणका लागि विद्यालय तथा विश्वविद्यालय स्तरका पाठ्यक्रममा विद्यमान विपद् सम्बन्धी पाठ्य सामाग्री परिमार्जनको आवश्यकता तथा भावी रणनीतिक योजनाका बारेमा छलफलको आवश्यकता महसुस गरि मिति २०७५/११/०५ गते विपद् तथा द्वन्द व्यवस्थापन महाशाखाको आयोजना तथा Lightning and Atmospheric Research Center (LARC), Nepal र World Wide Fund for Nature (WWF) अन्तर्गतको 'हरियो वन कार्यक्रम' नामक संस्थाहरुको सहयोगमा एक दिवसीय गोष्ठीको आयोजना गरिएको थियो ।

कार्यक्रममा गृह मन्त्रालय विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका महाशाखा प्रमुख श्री इन्दू घिमिरे, विपद् पूर्व तयारी तथा प्रतिकार्य शाखाका शाखा प्रमुख श्री वेदनिधि खनाल, पाठ्यक्रम विकासका क्षेत्रमा क्रियाशील विज्ञहरु, विपद् जोखिम न्यूनिकरणका क्षेत्रमा क्रियाशील विभिन्न सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी क्षेत्रसँग सम्बन्धित व्यक्तित्वहरु, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

२. उद्देश्य

एक दिवसीय गोष्ठीको मुख्य उद्देश्य वर्तमान पाठ्यक्रममा समाविष्ट विपद् सम्बन्धी पाठ्य वस्तु तथा आवश्यक परिमार्जनको रणनीतिक योजनाको बारेमा छलफल गर्नु रहेको थियो ।

३. प्रस्तुतीकरण

कार्यक्रममा अमृत क्याम्पसका सहप्राध्यापक डा. श्री श्रीराम शर्मा‌ले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो । त्यसैगरि गृह मन्त्रालय, विपद् पूर्व तयारी तथा प्रतिकार्य शाखाका उपसचिव श्री वेदनिधि खनालले

कार्यक्रमको उद्देश्य तथा विपद् व्यवस्थापन विषयलाई पाठ्यक्रममा समावेश गर्ने सम्बन्धमा भएका कानूनी तथा नीतिगत व्यवस्थाका बारेमा प्रकाश पार्नुहुँदै सहभागिहरुलाई स्वागत गर्नुभएको थियो । तत्पश्चात पाठ्यक्रम विकासका क्षेत्रमा क्रियाशील विभिन्न निकायहरुबाट तथा यस क्षेत्रसँग सम्बन्धित अनुभवी एवं विज्ञता हासिल गर्नुभएका प्रतिनिधिहरु तथा विज्ञहरुले विपद् व्यवस्थापनका विषयहरु पाठ्यक्रममा समावेश गर्ने तथा समावेशीत विषयहरुलाई राष्ट्रिय आवश्यकता अनुसार परिमार्जन गर्ने सम्बन्धमा पाठ्यक्रममा यस विषयको समावेशीताको आवश्यकता तथा महत्व, देखिएका समस्याहरु तथा चुनौतिहरु र आगामी दिनका लागि सुझावहरु समेटेर प्रस्तुतीकरण गर्नुभएको थियो ।

प्रा. डा. श्री जीवराज पोखरेलले विपद् व्यवस्थापनलाई राष्ट्रिय मूलप्रवाहमा समावेशीकरण गर्ने सम्बन्धमा बंगालदेश, कम्बोडिया, इन्डोनेसिया र पाकिस्तानको उदाहरण दिँदै त्यहाँको सबल तथा दुर्बल पक्षबाट पाठ सिक्नुपर्नेमा जोड दिनुभयो त्यस्तैगरी चुरे संरक्षणको क्षेत्रमा कार्यरत डा. श्री पेम नारायण कँडेलले नेपाल बाढी र पहिरोको अत्यन्त जोखिममा रहेको र विश्वविद्यालय तथा प्राज्ञिक संघ संस्थाहरुले विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनको क्षेत्रमा सक्षम व्यक्ति विकास गर्ने गरी औपचारिक तथा व्यवसायिक विषयका पाठ्यक्रममा व्यापक रुपमा परिमार्जन गरिनुपर्ने धारणा राख्नुभयो ।

गृह मन्त्रालय, विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका महाशाखा प्रमुख श्री इन्दु घिमिरेले पाठ्यक्रममा यस विषयको प्रभावकारी समावेशीताको माध्यमबाट घरपरिवार, समाज तथा राज्य सबैतिर यस सम्बन्धी जानकारी तथा ज्ञान प्रसार हुने भएकोले पाठ्यक्रममा यस विषयको समावेशीताको महत्व रहेको औंल्याउनु हुदैं कार्यक्रममा सहभागीहरुको सक्रिय सहभागिताको लागि धन्यवाद् सहित कार्यक्रमको औपचारिक समापन गर्नुभएको थियो ।

कार्यक्रममा देहाय बमोजिमका विषयगत निकायहरुबाट प्रतिनिधित्व गर्नुहुने व्यक्तित्वहरुबाट सघन प्रस्तुतीहरु गरिएका थिएः

<u>देहाय :</u>

- विद्यालय पाठ्यक्रम विकास केन्द्र - सानोठिमी, भक्तपुर
- पाठ्यक्रम विकास केन्द्र - इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक
- पाठ्यक्रम विकास केन्द्र - चिकित्सा शास्त्र अध्ययन संस्थान, महाराजगंज
- पाठ्यक्रम विकास केन्द्र - वन विज्ञान अध्ययन संस्थान, रामपुर, चितवन
- पाठ्यक्रम विकास केन्द्र - प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्
- प्रा.डा. श्री जीवराज पोखरेल- निवर्तमान उपकुलपति, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ।
- डा. श्री पेम नारायण कँडेल - राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, खुमलटार, ललितपुर ।

४. विपद् विषयलाई पाठ्यक्रममा समावेश गर्ने सम्बन्धमा विभिन्न ऐन, नीति, योजना तथा कार्ययोजनामा गरिएका व्यवस्थाहरु :

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४

- दफा ८ कार्यकारी समितिको काम कर्तव्य र अधिकार को (छ) मा "विद्यालय तहदेखि उच्चस्तरको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने ।"

विपद् जोखिम न्यूनिकरण राष्ट्रिय नीति, २०७५

- नियम ७ नीति मा "विपद् जोखिम सम्बन्धी विषयलाई विद्यालयस्तरदेखि उच्चस्तर सम्मको शैक्षिक पाठ्यक्रममा समावेश गरिनेछ ।"

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७५ को शिक्षाको राष्ट्रिय उद्देश्य

- जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने ।

जलवायु परिवर्तन नीति २०६७

- नियम ८ नीतिहरुको उपनियम ८.४ क्षमता अभिवृद्धि जनसहभागिता तथा सशक्तिकरणको ८.४.९ मा "जलवायु परिवर्तनलाई औपचारिक तथा अनौपचारिक शिक्षा लगायत दूर शिक्षा एवं खुला सिकाई कार्यक्रममा समावेश गर्दै शिक्षक तालिम सामाग्रीमा सुधार गर्ने।"

विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३०

- अध्याय ४ : प्राथमिकता प्राप्त क्षेत्र १ को विपद् जोखिमबारे बुझाई शिर्षकको ४.३ को विपद जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि मा "विद्यालयदेखि विश्व विद्यालय सम्मको पाठ्यक्रममा विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन सम्बन्धी विभिन्न पक्षमा विधागत, विषयगत र अन्तर विधागत पाठ्यक्रम निर्माण गरी अध्ययन, अध्यापन र अनुसन्धान प्रणालीलाई संस्थागत गर्ने " ।

चौधौं योजना

- शिक्षा सम्बन्धी नीतिमा स्पष्ट रुपमा विपद्लाई पाठ्यक्रममा समावेश गर्ने विषय समावेश नभएपनि उच्च शिक्षाका पाठ्यक्रम तथा कार्यक्रमलाई राष्ट्रिय आवश्यकतासँग आबद्ध गर्ने विषय समावेश छ।

## ५. विभिन्न शैक्षिक निकायहरुबाट विपद् व्यवस्थापनका सम्बन्धमा पाठ्यक्रममा गरिएका व्यवस्थाहरु

### क) विद्यालय पाठ्यक्रम विकास केन्द्रबाट गरिएका व्यवस्थाहरु

- आधारभूत तह कक्षा ६-८ मा सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा विषयका पाठ्यक्रममा विपद् सम्बन्धी देहायका विषयहरु अध्ययन अध्यापन हुने गरेको:
  - कक्षा ६ - आगलागि, डढेलो र बाढी पहिरो विषय
  - कक्षा ७ - महामारी र दुर्घटना
  - कक्षा ८ - भूकम्प, हावाहुरी
  - कक्षा ९ - जलस्रोतको उपयोग, जल उत्पन्न प्रकोप तथा व्यवस्थापन
  - कक्षा १० - प्राकृतिक प्रकोप :- भूकम्प र सुनामी
- पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका श्रव्य दृष्य लगायतका सामग्रीहरू:
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी चेतनामूलक रेडियो सन्देश (तातो हावा लु सम्बन्धी, आगलागीबाट बच्ने उपाय, वनजङ्गल संरक्षण, शित लहरबाट बच्ने उपाय, भूकम्प, बाढी र डुबान, आगलागी र डढेलो सम्बन्धी)
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी गीत
- विपद् व्यवस्थापन शिक्षक, विद्यार्थी तथा सम्वन्धित अन्य सरोकारवालाहरुको लागि स्रोत सामग्री (२०७१)
- विद्यालयबाट तयार गरिएको School Improvement Plan (SIP) मा २०७३ बाट विपद् न्युनिकरण सम्वन्धि क्रियाकलाप समाविष्ट ।
- अन्य वाह्य संस्थाहरुको सहयोगमा विपद् सम्वन्धि विद्यालय स्तरीय कार्यक्रम सञ्चालन हुने गरेको ।

### ख) ईन्जिनियरिङ्ग अध्ययन संस्थान (Institute of Engineering) का पाठ्यक्रमहरुमा गरिएका व्यवस्थाहरु

- सन् २०११ देखि विपद् जोखिम व्यवस्थापन विषयलाई स्नातकोत्तर तहमा समावेश गरीएको र हाल २७ वटा स्नातकोत्तर तहका विषयहरु मध्ये एक विपद् जोखिम व्यवस्थापन विषय अन्तर्गत भूकम्प, जलस्रोत व्यवस्थापन, वातावरणीय इन्जिनियरिङ्ग, सहरी योजना, जलवायु परिवर्तन र अनुकूलन, भूमि विकास जस्ता विषयहरुमा अध्ययन अध्यापन भइरहेको ।
- चार वर्षे स्नातक तह पूरा गरेका विद्यार्थीहरुको लागि विपद् जोखिम व्यवस्थापन विषयमा स्नातकोत्तर विषयमा भर्ना लिने गरिएको र विशेष गरी सिभिल र आर्किटेक्ट विषयमा स्नातकतह उत्तिर्ण २० प्रतिशत जति छात्राहरुलाई यस विषयमा भर्ना हुन प्रोत्साहन गरिएको ।
- IOE अन्तर्गतको Centre for Disaster studies (CDS) ले नेपाल विपद्को अति जोखिममा रहेको अवस्थालाई मध्यनजर गरी विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तनका समसामयिक मुद्दाहरुमा अध्ययन तथा अनुसन्धानहरु गर्ने गरेको ।

**ग) Institute of Medicine** का पाठ्यक्रमहरुमा गरिएका व्यवस्थाहरुः

- विपद् र यसका प्रकारहरु, प्राकृतिक विपद्हरुः भूकम्प, पहिरो, बाढी, आगलागी र खानीजन्य विपद्, मानव सृजित विपद् (जस्तैः युद्ध), विपद् व्यवस्थापनका उद्देश्यहरु, Morbidity and mortality associated with disaster: Injuries, Deaths, Psychological stress (disaster stress syndrome), Endemic epidemic of diseases, Food and water-borne diseases, Vector-bone diseases, Person to person transmission, Air-bone disease जंस्ता विषयहरु लगायत देहाय अनुसारका तह र विषयहरुमा अध्ययन अध्यापन भई रहेकोः-
    - स्नातकोत्तर तहको Health Promotion Education संकायको दोस्रो वर्षमा Applied health system management & health care financing विषयको एकाई ५ मा १० घण्टा अवधिको Disaster Management
    - स्नातकोत्तर तहको नर्सिङ् संकायमा Advance Community Health Nursing विषयको दोस्रो वर्षमा ६ घण्टाको विपद् व्यवस्थापन विषय
    - Bachelor of Nursing Science को चौथो वर्षमा एकाइ ८ मा ८ घण्टे Management of Disaster /Emergency Situation विषय
    - Bachelor of Nursing Science को तेस्रो वर्षमा Leadership & management Training को एकाई १३ मा चार घण्टाको विपद् व्यवस्थापन विषय
    - Bachelor in Public Health को तेस्रो वर्षमा एकाई ६ मा ६ घण्टे Epidemiological aspects of conflict and disaster management विषय
    - MD General Practice and Emergency Medicine अन्तर्गत Section 11. Emergency Medicine को Triage and disaster plans मा देहायका विषयहरु समावेश गरिएको :
        - Manage major & minor trauma
        - Manage medico-surgical emergency
        - Manage triage of serious & non-serious problems
        - Use emergency equipment and supplies in Nepal
        - Organize and manage emergency services
        - Describe concept of disaster management
        - Describe and document as per protocol
    - DM Emergency Medicine को Section (III), Modules 3 & 4 मा निम्न विषयहरुमा पढाई भैरहेको :
        - Disaster management & presentation
        - Identify key issues: Preparedness, response recovery
    - Doctor of Medicine (Critical Care Medicine) को Training Section को Disaster Management अन्तर्गत देहायका विषयहरु समावेश गरी अध्यापन कार्य भैरहेकोः
        - Discuss the principle of disaster management
        - Describe triage and principle for disaster management
        - Identity key issues as they relate to preparedness response and recovery
        - Describe surge and capacity building

- Describe various resource allocation and utilization

घ) **CTEVT का पाठ्यक्रमहरुमा विपद् व्यवस्थापनका विषयहरुः**

- सबै पाठ्यक्रममा पेशागत स्वास्थ्य र सुरक्षा समावेस गरिएको ।
- भवन प्रवलीकरण सम्बन्धी छोटो अवधिको छुट्टै सीप अभिवृद्धि सम्बन्धी पाठ्यक्रम तयार पारी लागू गरिएको ।
- निर्माणसँग संम्बन्धित पाठ्यक्रमहरुमा सुरक्षित भवन निर्माण प्रविधि तथा भवन प्रवलिकरण जस्ता बिषयबस्तु समावेस गरिएको ।
- फरेष्ट्रिको पाठ्यक्रममा वन संरक्षण तथा बाढी, पहिरो, डडेलो आदिको नियन्त्रण सम्बन्धी विषयवस्तु समावेस गरिएको ।
- कृषिको पाठ्यक्रममा माटो संरक्षण तथा बाढी, पहिरो, आदिको नियन्त्रण सम्बन्धी विषयबस्तु समावेस गरिएको ।
- स्वास्थ्यसँग सम्बन्धित पाठ्यक्रमहरुमा रुघा, खोकी, हैजा, जस्ता महामारी रोगको रोकथाम तथा नियन्त्रण जस्ता बिषयबस्तुहरु समावेस गरिएको ।
- अटोमेवाइल इन्जिनियरिङ्ग बिषयमा सडक दुर्घटना रोकथाम सम्बन्धी विषयबस्तु समावेस गरिएको ।

ङ. वन विज्ञान अध्ययन संस्थान

- स्नातक र स्नातकोत्तर तहमा डढेलो र पहिरो जन्य विपद् व्यवस्थापन विषयलाई पाठ्यक्रममा समावेश गरिएको ।

६. विद्यमान समस्याहरु

- देशमा घट्ने सबै मुख्य मुख्य प्रकारका विपद्  न्यूनीकरण सम्बन्धी बिषयवस्तुहरु विद्यमान पाठ्यक्रममा समावेश गर्न नसकिएको ।
- एकै तहका फरक संकायहरुमा समावेश विपद् व्यवस्थापन सम्बन्धी विषयहरुको उद्देश्य तथा अध्ययनका विषयहरुमा एकरुपता नभएको ।
- पाठ्यक्रममा यस विषयलाई समावेश गरि व्यवहारिक ज्ञान, सीप दिने, अध्यापन अवधि तोक्ने तथा मूल्याङ्कन गर्ने सम्बन्धमा उपयुक्त निश्चित तरिका तथा मापदण्ड नभएको ।
- प्रशिक्षक प्रशिक्षण तालिमको अभावमा विद्यार्थीको सिकाई तथा उपलब्धि प्रभावकारी हुन नसकेको
- राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्न सक्ने गरि पाठ्यक्रममा यस विषयको समावेशिता नरहेको।
- पाठ्यक्रम विकासका लागि सम्बन्धित निकायहरुबीच समन्वय गर्नका लागि मुख्य समन्वयकर्ता निकायको खाँचो देखिएको ।
- Community need based पाठ्यक्रमको अभाव रहेको ।

- पाठ्यक्रमलाई कसरी प्रभावकारी सिकाईको रुपमा लाने भन्दा पनि जसरी भए पनि पाठ्यक्रमलाई सकाउने गर्दा सिकाई प्रभावकारी नभएको ।
- सरकारद्वारा विपद् व्यवस्थापनको क्षेत्रमा पर्याप्त अध्ययन अनुसन्धान गर्ने विषयलाई प्रथमिकता नदिइएको।
- माध्यमिक तथा माथिल्ला कक्षाहरुमा मात्र यस विषयलाई समावेश गरिदा तल्लो तहबाटै विद्यालय छोड्ने विद्यार्थीहरु यस विषयको सैद्धान्तिक तथा व्यवहारीक पक्षमा अन्जान रहने गरेका ।

<u>छलफलबाट प्राप्त सुझावहरु</u>

- हाम्रो देशमा घट्ने मुख्य मुख्य विपद्हरुको व्यवस्थापन सम्बन्धी विषयहरुलाई प्राथमिकता दिई पाठ्यक्रममा समावेश गरीनुपर्ने र सोही अनुरुप विद्यार्थीहरुलाई व्यवहारिक तयारी गराइनुपर्ने,
- पाठ्यक्रममा राख्नुपर्ने विषय महत्वपूर्ण भएता पनि व्यवहारिक ज्ञान, सीप तथा तालिमको व्यवस्था गरिनुपर्ने,
- घटना परिदृश्य कार्यक्रमहरु मार्फत व्यवहारिक ज्ञान सीप दिनको लागि केही विद्यालयहरु सम्मिलित गरि निश्चित स्थानमा कार्यक्रम सञ्चालन गर्ने गरी बजेट प्रभावकारी तरिका अवलम्बन गरिनुपर्ने,
- अन्तर्राष्ट्रिय अनुभवहरुबाट प्राप्त सिकाईलाई हाम्रो देशको सन्दर्भ अनुसार प्रयोग गरिनुपर्ने,
- विपद्को प्रतिकार्य तथा राहत कार्यका लागि खटिने व्यक्तिहरुको आचरणमा सुधार ल्याउनुपर्ने, उनीहरुले तत्कालीन अवस्थामा समुदायको अवस्था/स्थिति अनुसार आफुलाई समायोजन गर्नुपर्ने,
- विद्यार्थीहरु मार्फत परिवार तथा समुदायलाई जानकार गराउन सकिने हुनाले दिइने skill development and awareness program मा जोड दिइनुपर्ने,
- Training of Trainer (ToT) लाई प्राथमिकता दिइनुपर्ने,
- पाठ्यक्रम समुदाय उन्मुख र व्यवहारीक बनाउनुपर्ने,
- हाल पाठ्यक्रममा समावेशित विपद्का विषयहरुको समीक्षा गरिनुपर्ने । विपद्को छुट्टा छुट्टै need assessment गरिनुपर्ने,
- विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाले पाठ्यक्रम विकासका लागि सबै सम्बन्धित निकायलाई जोड्ने पुलको रुपमा भूमिका निर्वाह गर्नुपर्ने,
- हाम्रा हिमाल, मध्यपहाड तथा तराईमा घट्ने विपद्लाई फरक दृष्टिकोणले हेरिनुपर्ने,
- चुरे क्षेत्रको विनाशबाट सृजित विपद् व्यवस्थापन चुनौतिपूर्ण रहेको ( illegal settlement, over use of dozer) ले यसको संवेदनशीलतालाई बुझी व्यवस्थापकीय कार्य अगाडी बढाउनुपर्ने,
- विपद् व्यवस्थापनका लागि यसको अध्ययन अनुसन्धानको (evidence based research) लागि सरकारबाट महत्वपूर्ण चासो दिई पर्याप्त बजेट छुट्याइनुपर्ने,

- विद्यालयको माथिल्ला तहमा मात्र विपद्लाई समावेश गरिदा तल्ला तहबाटै drop out हुने विद्यार्थीहरु सो सम्बन्धमा जानकार नहुने हुनाले विद्यालयको तल्लो तहमै उनीहरुले बुझ्ने भाषामा पाठ्यक्रम तयार गरि लागू गरिनुपर्ने,
- विपद् व्यवस्थापन विषयलाई पाठ्यक्रममा लानुको विकल्प नरहेकोले प्राविधिक/अप्राविधिक सबै विषयहरुका सबै तहहरुमा यसलाई समावेश गरिनुपर्ने,
- साक्षारता अभियान जस्तै अनिवार्य रुपमा सबै नागरिकलाई आफ्ना क्षेत्रमा आइपर्ने विपद् सम्बन्धमा सामना गर्न सक्षम तुल्याउन अभियान चलाइनुपर्ने ।
- पाठ्यक्रमहरु परिमार्जन गर्ने क्रममा विपद् व्यवस्थापन सम्बन्धी मोड्युललाई समावेस गर्ने र तयार पारिएको मोड्युलमा आधारित भै तालिमको 'म्यानुअल' तयार पारिनुपर्ने ।

## ८. निष्कर्ष

कार्यक्रममा विपद् सम्बन्धी विषयलाई पाठ्यक्रममा समावेश गर्ने र विद्यमान व्यवस्थाहरुलाई परिमार्जन गरि परिवेश सापेक्ष बनाउनुको विकल्प नरहेकोप्रति सबै सहभागिहरुको एकमत रहेको पाइयो। पाठ्यक्रममा अबिलम्ब विपद् व्यवस्थापन विषय समावेश गर्ने तथा समावेशीत विषयहरुमा आवश्यकतानुसार परिमार्जन गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त भएको । पाठ्यक्रम विकासका लागि सबै निकायहरुबीच समन्वय गर्न गृह मन्त्रालयले समन्वयकर्ताको भूमिका निर्वाह गर्नु उपयुक्त हुने धारणा सबै सरोकारवालाहरुको रह्यो ।